पोखरा महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

न्यूरोड , पोखरा ।

**आयुर्वेदिक औषधि खरिद सम्बन्धी दरभाउपत्र आव्हानको सूचना**

सूचना प्रकासन मितिः २०७५।१०।७

**(मिति २०७५।१०।०७ को समाधान राष्ट्रिय दैनिकमा प्रकाशित)**

पोखरा महानगरपालिका अर्न्तगतका सम्पूर्ण आयुर्वेद औषधालयहरुमा आ.व.२०७५।७६ मा निःशुल्क वितरण हुने आयुर्वेदिक औषधीहरु सिलवन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले यस सुचनामा उल्लेखित सेवा सर्तको अधिनमा रहि इच्छुक इजाजत प्राप्त औषधी तथा स्वास्थ्य सामाग्री उत्पादक, विक्रेता वा फर्महरुले सिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१) सिलवन्दी दरभाउपत्र फारम १,०००।-(अक्षरुपी एक हजार मात्र) पछि फिर्ता नहुने गरी नगदै वा यस कार्यालको रा बा बैंक पृथ्वीचोक शाखा हि नं **३०२०३०४०१८१०६** मा जम्मा गरेको सक्कल भौचर र लिखित निवेदनका साथमा फर्म दर्तापत्र , मु.अ.क.दर्ता प्रमाणपत्र, व्यवसाय ईजाजत पत्र तथा आर्थिक वर्ष २०७४।७५ को कर चुक्ता प्रमाणपत्र (वा म्याद थपको पत्र) हरुको प्रमाणित प्रतिलिपिहरु पेश गरी यस कार्यालयवाट मिति २०७५।१०।२१ गते कार्यालय समय भित्र कार्यालयको खरिद ईकाइबाट खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र दाताले धरौटी वापत तपसिलमा उल्लेखित रकम यस कार्यालको रा बा बैंक पृथ्वीचोक शाखा हि नं **३०२०३०३००७१०६** मा जम्मा गरेको सक्कल बैक भौचर वा कम्तीमा ७५ दिन ( दरभाउपत्र दाखिला गर्ने कम्तिमा अन्तिम दिन बाट) म्याद कायम रहेको “क” श्रेणीको वाणिज्य बैंक बाट यस कार्यालयका नाउंमा जारी भएको बैंक जमानत (विडवण्ड) दरभाउपत्रसाथ संलग्न राख्नु पर्नेछ ।

३) दरभाउपत्रदाताले मिति २०७५।१०।२२ गते दिनको १२.०० वजे भित्र यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दर्ता गराई सक्नुपर्नेछ । म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्र सोहि दिनको १.०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४) सिलबन्दी दरभाउपत्र साथ विश्वस्नीय आयुर्वेदिक कम्पनीका गुणस्तरयुक्त औषधी आफूले दिने औषधीको नाम औषधी व्यवस्था विभागमा रजिष्टर्ड भएको हुनु पर्ने छ र प्रत्येक औषधीको आयात इजाजत पत्र, उत्पादन अनुज्ञापत्र र सिलबन्दी दरभाउपत्रमा माग गरिएको औषधीको नमुना अनिवार्य रुपमा सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ । साथै औषधी उत्पादन गर्ने कम्पनीको नाम समेत उल्लेख गर्नु पर्ने छ ।

५) आपूर्ति गरिने औषधीको मान्य अवधी मिति (Expiry Date) स्टोर दाखिला भएको दिनवाट कम्तीम १८ महिना वा ७५ प्रतिशत जुन बढी हुन्छ सो अवधि वांकी भएको हुनु पर्नेछ र १८ महिना भन्दा कम Expiry Date भएका औषधीको हकमा स्टोर दाखिला मितिले कम्तिमा ७५ प्रतिशत म्याद वांकी हुनु पर्नेछ ।

६) आपूर्ति हुने औषधीहरुको स्ट्रीप र वोतलको प्रत्येक प्याकीङ्ग वाहिर उत्पादन मिति, Expiry Date तथा Batch No. र " पोखरा महानगरपालिका द्वारा निःशुल्क स्वास्थ्य कार्यक्रम”का लागी भनी प्रिन्ट भएको हुनु पर्नेछ ।

७) दरभाउपत्रदाताले आफुले कवोल गरेको प्रत्येक आइटमहरुको दररेट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८) विल अफ क्वान्टिटीजमा सामानको परिमाणमा थपघट भएमा दरभाउपत्रदाताले कवोल गरेको दररेटमा उपलव्ध गराउनु पर्नेछ ।

९) प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने संपूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०) दरभाउपत्र स्विकृत भई यस कार्यालयले तोकेको अवधि भित्र पटक पटक वा एक पटक सामानहरु उपलब्ध गराउनु पर्नेछ । आपूर्ति गरिने सामानको केही अंश वा सम्पूर्ण सामान वुझाउन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम कार्यवाही हुनेछ ।

| ठेक्का नंम्वर | लागत अनुमान | बैंक जमानत | जमानत अवधि |
|---|---|---|---|
| 40/NCB/PMC/Med-075/76 | १४,०३,९७७५८ | ३६,०००।०० | ७५ दिन |